मोहन्याल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खिमडी, कैलाली

# आ. व. २०८१/०८२ को नीति तथा कार्यक्रम

मितिः २०८१/०३/०४

# मोहन्याल गाउँपालिका नीति तथा कार्यक्रम २०८१/०८२

यस मोहन्याल गाउँपालिकाको गाउँ सभाको १४ औं अधिवेशनको गरिमामय सभामा उपस्थित गाउँसभाका सदस्यज्यूहरू, गाउँसभा सचिवज्यू, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीज्यूहरु, पत्रकार मित्र, सुरक्षाकर्मी, मोहन्याल गाउँपालिका वासी आमा-बुबा, दिदी बहिनी तथा दाजुभाइ एवं उपस्थित सम्पूर्ण महानुभावज्यूहरु,

महान जनयुद्ध र ऐतिहासिक जनआन्दोलनको जगमा स्थापित भएको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात् प्राप्त उपलब्धिका रूपमा २०७९ वैशाख ३० गते निर्वाचन सम्पन्न भई दोस्रो स्थानीय सरकार गठन भए पश्चात् यस मोहन्याल गाउँपालिकाको गाउँसभा र आ. व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न यहाँहरू समक्ष गाउँसभाको अध्यक्षको हैसियतले उपस्थित भएको छु । सर्व प्रथम यस ऐतिहासिक घडीमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापनाको लागि १० वर्षे महान जनयुद्ध,वि.स.२०६२/०६३ को ऐतिहासिक जनआन्दोलन,मधेश आन्दोलन र अन्य न्याय पूर्ण आन्दोलनमा आफ्नो अमूल्य प्राण उत्सर्ग गर्ने महान सहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । बेपत्ता योद्धाप्रति उच्च सम्मान प्रकट गर्दछु, घाइते योद्धाहरूको शीघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्दछु, साथै मोहन्याल गाउँपालिकाका पूर्व अध्यक्ष स्वर्गीय नवल सिंह रावल ज्यू प्रति हार्दिक श्रदासुमन अर्पण गर्दछु । लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाइ गर्नु हुने सम्पूर्ण अग्रजहरूको योगदानको उच्च सम्मान समेत स्मरण गर्न चाहन्छु र उपस्थित महानुभावहरू परिवर्तनको चाहना एवं दिगो विकास र समृद्धिको सपनालाई सार्थक बनाउने बाटो खुलेको छ । सामाजिक न्याय सहितको बहुआयामिक आदर्श समाज एवं तीव्र विकास “समृद्ध मोहन्याल” को परिकल्पना गर्ने हाम्रो सपना अघि बढ्ने आधार तयार भएको छ । शिक्षा, स्वास्थ्य, कृषि,पर्यटन, हरियाली, सहकारी विकास र पूर्वाधार मोहन्यालका सात आधार सहितको नारा सार्थक बनाउने मूल रणनैतिक सोचका साथ नेपालको संविधान २०७२ द्वारा स्थानीय तहलाई प्रदत्त अधिकार, स्थानीय सरकार सञ्चालन ऐन २०७४ का प्रावधान, सोह्रौ पञ्चवर्षीय योजना, दिगो विकास लक्ष्य, दीर्घकालीन सोच,लक्ष्य तथा उद्देश्य सँग तालमेल हुनेगरी मोहन्याल गाउँपालिकाको आवश्यकता,साधन श्रोतको उपलब्धता संस्थागत क्षमता विकास समेतका आधारमा आगामी आ. व. २०८१/०८२ को नीति कार्यक्रम तथा बजेटको तर्जुमा गर्ने प्रयास गरेको छु ।

मोहन्याल गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमलाई तयार पार्नका लागि महत्त्वपूर्ण सल्लाह, सुझाव प्रदान गर्नु हुने सम्पूर्ण जनप्रतिनिधि, बुद्धिजीवी, नागरिक वर्ग, कर्मचारी संयन्त्र, स्थानीय राजनीतिक दल, र पत्रकार जगतको महत्वपूर्ण भूमिकालाई हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु ।

# मोहन्याल गाउँपालिका नीति तथा कार्यक्रम २०८१/०८२

**आदरणीय गाउँसभा सदस्यज्यूहरू,**

अव म विषयगत रूपमा आगामी आ. व. का लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## पूर्वाधार विकास क्षेत्र(यातायात पूर्वाधार,भवन तथा आवास,सूचना तथा संचार र उर्जा)ः

### पूर्वाधार विकास (दिगो विकासको सार, गुणस्तरीय भौतिक पूर्वाधार)

१. गाउँपालिका भित्रका सडक पूर्वाधार सम्बन्धी कार्य व्यवस्थित गर्नका लागि गाउँपालिका यातायात गुरुयोजना तयार गरिनेछ । गुरुयोजनाको प्राथमिकताका आधारमा बजेट विनियोजन गर्ने नीति अवलम्बन गरिनेछ ।

२. गाउँपालिकाको समग्र विकास र नागरिकको आवश्यकतालाई मध्यनजर गरी सडक ग्राभेल, नाली व्यवस्थापन, कलभर्ट निर्माणलाई प्राथमिकतामा राखि बजेट विनियोजन गरिनेछ ।

३. गाउँपालिका भित्र रहेका सडकको गुणस्तर तथा दिगोपना कायम गर्नका लागि सडक स्तरोन्नती गर्दा कम्तीमा कच्ची नाली अनिवार्य गरिनेछ । कच्ची नाली निर्माण नगरी कुनैपनि सडक निर्माण गर्न अनुमति दिइने छैन ।

४. मोहन्याल गाउँपालिका भित्रका मुख्य सडकहरू ७ मिटर चौडा र शाखा सडकहरू ६ मिटर चौडा तथा स्तरोन्नति गरि बाह्रै महिना चल्ने बनाइनेछ ।

५. अधुरा आयोजनाहरूलाई प्राथमिकतामा राखी बहुबर्षिय आयोजनाको रूपमा आगामी आ. व. मा सम्पन्न गरिनेछ ।

६. मोहन्याल गाउँपालिकाको रणनैतिक महत्वको चिसापानी-सोल्टा-ताम्चा-राक्सा-खिमडी-बिर्खेत सडक खण्डको ट्र्याक खोल्ने कार्य सम्पन्न गरिनेछ । सो सडकको ट्र्याक खोलिएको खण्डको स्तरोन्नती गरिनेछ ।

७. मोहन्याल गाउँपालिकाका पहाडी बस्तीहरूको आन्तरिक अन्तरआवद्धता सिर्जना गर्न राजकांडा-चोसेकांडा-बडिखर्क सडक खण्डको ट्र्याक खोल्ने कार्य र ठुलागडा- सुगरखाल-सोल्टा सडक विस्तारका लागि आवश्यक पहल गरिनेछ ।

८. मोहन्याल गाउँपालिकाको अन्तर्गत सोल्टा-ताम्चा-कोल्तडी सडक , सिमली खिमडी सडक, चिसापानी सोल्टा सडक, फल्लेबिसौना-सल्लेरी सडक, तालबन्द कटौजे सडक, बालुवागाडा-कटौजे सडक, चौतारी चायाभावर सडक लाइ गौरवको आयोजनाको रुपमा बजेट सुनिश्चितता गर्दै कार्यान्वयन गरिनेछ।

९. राजकाडा-चोसेकाडा-बडीखर्क-कटौजे-धमकोट सडक, ठुलागडा सुगरखाल सोल्टा सडक र खिमडी बिर्खेत सडकको स्तरोन्नतीको लागि आवश्यक पहल गरिनेछ ।

१०. मोहन्याल गाउँपालिका भित्र उपभोक्ता समिति मार्फत निर्माण गरिएको संरचना हरूको मर्मत सम्भारका लागी आयोजना मर्मत सम्भार कोषको व्यवस्था गरिनेछ ।

११. मोहन्याल गाउँपालिका भित्र निर्माण हुने निर्माण कार्यमा नविन प्रविधिको प्रयोग गरिनेछ र सो का लागी प्राविधिक कर्मचारीहरूलाई क्षमता अभिवृद्धि कार्यक्रम गरिनेछ ।

१२. मोहन्याल गाउँपालिका अन्तर्गत कार्यसम्पन्न भएका र आगामी वर्ष कार्यान्वयन हुने योजनाहरूको उचित व्यवस्थापनका लागि आयोजना व्यवस्थापन प्रणाली निर्माण गरिनेछ ।

१३. बस्ती स्तरबाट छनौट भएका योजना तथा कार्यक्रमहरूको प्राथमिकता निर्धारण गरि जनसहभागितामा आधारित योजना तथा कार्यक्रमहरू संचालन गरिनेछ ।

१४. पूर्वाधार सम्बन्धी योजनाहरूको अनिवार्य रूपमा सम्भाव्यता अध्ययन र लागत अनुमान तयार गरेर मात्र छनौट गर्ने नीति लिइनेछ।

१५. मोहन्याल गाउँपालिकाको योजना छनोट तथा बजेट विनियोजनमा विवेकशीलता, दक्षता र अनुमान योग्यता अभिवृद्धि गर्नका लागि आयोजना बैंक निर्माण गरि आयोजना बैंक बाट मात्र आयोजना छनोट गरिनेछ ।

१६. सडक निर्माण पश्चात् हुने पहिरो नियन्त्रण गर्न बायो इन्जिनियरिङ प्रविधिलाई अनिवार्य लागु गरिनेछ ।

१७. गाउँपालिका गौरवको आयोजना छनौट गरि निरन्तर बजेट व्यवस्थापन गरि निर्माण सम्पन्न गरिनेछ ।

१८. उपभोक्ता समिति मार्फत सञ्चालन हुने निर्माण आयोजनाको हकमा आयोजनाको प्रकृति र आयोजनाको सञ्चालन हुने क्षेत्रका आधारमा लागत सहभागिता वा जन श्रमदानको प्रतिशत निर्धारण गरि अनिवार्य लागु गरिनेछ ।

१९. उपभोक्ता समिति मार्फत संचालन हुने आयोजनाको हकमा लागत सहभागिता बराबरको रकम उपभोक्ता समितिको बैंक खातामा दाखिला वा जनश्रमदानको सुनिश्चितता गरे पश्चात् योजना सम्झौता गरिनेछ ।

२०. सार्वजनिक पूर्वाधार निर्माण गर्दा महिला, ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गमैत्री तथा वातावरण मैत्री पूर्वाधार निर्माणलाई थप प्रभावकारी बनाइनेछ

२१. हेभी मेसिनरी उपकरण (ब्याक हो लोडर, एस्काभेटर आदी) प्रयोग गर्नुपर्ने निर्माण कार्य बाहेकका श्रममूलक कार्यहरूसँग सम्बन्धित योजनाहरूमात्र उपभोक्ता समितिबाट संचालन गरिनेछ।

२२. मोहन्याल गाउँपालिकाको गाउँपालिका स्तरीय आयोजनालाई दीर्घकालीन र प्रतिफल युक्त बनाउनका लागी प्रति योजनाका लागि कम्तीमा रू. ८,००,००० बजेट विनियोजन गरिनेछ र वडा स्तरीय योजनाका लागी प्रति योजना कम्तीमा रू. ३,००,००० बजेट विनियोजन गरिनेछ । यस रकम लाइ आवश्यकताको आधारमा कम गर्न सकिनेछ ।

२३. उपभोक्ता समितिद्वारा काम गरिने निर्माण कार्यका हकमा योजना सञ्चालन गर्नु पूर्व सातै वडामा गठन गरिएका उपभोक्ता समितिका पदाधिकारीहरूलाई गाउँपालिकाको कार्यालय मार्फत सम्बन्धित वडा कार्यालयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२४. मोहन्याल गाउँपालिकाको भौगोलिक अवस्था र जिल्लाका मुख्य मुख्य बजार केन्द्रहरूदेखिको दूरी तथा स्थानीय कच्चा पदार्थको उपलब्धता बमोजिम स्थानीय दररेट निर्धारण गरिनेछ ।

२५. अनुगमन तथा मुल्यांकनलाइ प्रभावकारी बनाउनका लागि कार्तिक देखि असार सम्म हरेक महिनाको अन्तिम हप्ता अनुगमन सप्ताह को रूपमा विविध क्षेत्रको अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

२६. छिमेकी स्थानीय तहहरूसँग बेला बखत सिमा विवाद भइरहेको र नदिजन्य पदार्थको उत्खनन तथा बिक्री निकासीमा समेत विवाद हुने अवस्थालाई मध्यनजर गरि गाउँपालिकाको सिमा विवाद समाधानको लागि आवश्यक पहल गरिनेछ।

२७. मोहन्याल गाउँपालिकामा आगन्तुक हरूलाई स्वागत सम्मान तथा सिमा प्रारम्भ र समाप्तिको जानकारी दिनका लागि सिमा क्षेत्रमा प्रवेश द्वार तथा बोर्डहरू स्थापना गरिनेछ ।

## आर्थिक विकास

**"उत्पादन गरौं, आत्मनिर्भर बनौं"**

**"समृद्ध मोहन्याल हामी मिली बनाऔं"**

## कृषि

२८. गाउँपालिका भित्रका सम्पूर्ण किसानहरूको विवरण डिजिटल कृषि अवधारणा अनुरूप सूचीकृत तथा अद्यावधिक गरि किसान परिचयपत्र वितरण गरिनेछ।

२९. "किसान सँग अध्यक्ष" कार्यक्रम संचालन गरिनेछ । अध्यक्ष उत्कृष्ट व्यवसायीक कृषक सम्मान कार्यक्रम संचालन गरिनेछ ।

३०. ठुलीगाड तथा कर्णाली तटीय र तराइ क्षेत्रमा आप, लिची , ड्रागन, कफी, गर्मीमा फाल्ने स्याउ, केरा, अमिलो जातको फलफुल लगायतका फल र चुरे क्षेत्रमा अमिलो जातको फलफुल, जडिबुटी, किवी तथा मसला जन्य बालीको उत्पादनमा विशेष प्राथमिकता दिईनेछ।

३१. गरिबी न्यूनीकरण तथा रोजगारी अभिवृद्धिका लागि करार खेती र बाँझो जग्गा सदुपयोगको नीति ल्याइनेछ। भूमि बैंकको अवधारणा कार्यान्वयनमा ल्याइ खेतीयोग्य बाँझो जग्गा भाडामा लिइ सामूहिक व्यवसायिक खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

३२. प्राकृतिक प्रकोपबाट कृषक बालीमा क्षति भएमा प्राविधिक मूल्याङ्कनको आधारमा राहत तथा पुन स्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।

३३. गाउँपालिका क्षेत्र भित्रका सम्भाव्य क्षेत्रहरूको पहिचान गरि कृषि तथा पशु उत्पादन पकेट क्षेत्र तोकि नमुना कृषि तथा पशु फर्मको स्थापना तथा सञ्चालनमा सहयोग गरिनेछ । साथै स्थानीय उत्पादनलाई ब्राण्डिङ गर्ने नीति लिइनेछ ।

३४. स्वस्थ जीवन करेसाबारी जैविक खेती हरियो तरकारी भन्ने अभियानका साथ एक घर एक करेसाबारी कार्यक्रमलाई प्रभावकारी रूपमा संचालन गरिनेछ ।

३५. कृषि उत्पादन वृद्धि गर्न माटो परीक्षण सेवालाई प्रभावकारी बनाइनेछ ।

३६. कृषि क्षेत्रको यान्त्रिकीकरणका लागि कृषि औजार खरिदमा कृषक समूह र कृषि सहकारीलाई ५० प्रतिशत अनुदानको व्यवस्था गरिनेछ ।

३७. मोहन्याल गाउँपालिका भित्र रहेका जग्गाहरूको हाल सम्म पनि न्यून मुल्यांकनका कारण किसानहरूलाई बैंक जमानतमा समस्या भएको हुँदा कर्जा प्रवाहका लागि जग्गाको उपयुक्त मूल्यांकन गरिनेछ ।

३८. कृषि क्षेत्रमा काम गर्ने विभिन्न संस्थाहरूसँगको साझेदारीमा बीउ बैंक स्थापना गरिनेछ ।

**पशु सेवा**

३९. पशुपंक्षी उपचार सेवा प्राकृतिक तथा कृतिम गर्भाधान, पशुपंक्षी उन्नत आहार कार्यक्रम, पशु रोग नियन्त्रण कार्यक्रम, रेविज रोग तथा भ्याक्सिनेशनको कार्य घरमै पुगी संचालन गरिनेछ ।

४०. पशुपन्छी क्षेत्रको उत्पादन एवं उत्पादकत्व बढाउँदै गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रको योगदान वृद्धि गर्दै गाउँपालिकालाई दूध, अण्डा र मासुमा आत्मनिर्भर बनाउन गाई/भैसीपालन, बाख्रापालन तथा स्थानीय ग्रामीण लेयर्स कुखुरापालन र मत्स्यपालनलाई प्रोत्साहित गरिनेछ ।

४१. पशुपन्छीहरूको नस्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिँदै आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

४२. मोहन्याल गाउँपालिकाको मह उत्पादन हुने क्षेत्रमा व्यवसायीक मह उत्पादन गर्ने मौरीपालक किसानहरूलाई अनुदानको व्यवस्था मिलाइनेछ।

४३. न्यूनतम दूध दिने ५ भन्दा माथि गाई भैंसी पालन गरी दुग्ध व्यवसाय गर्ने कृषकलाई पुरस्कारको व्यवस्था गरिने छ ।
४४. उन्नत जातका गाई भैंसी तथा बाख्रापालन, आधुनिक किसिमका गोठ तथा खोर व्यवस्था र उन्नत जातको घाँस उत्पादन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
४५. कृषक घुम्ती विद्यालय कार्यक्रम सञ्चालन गरिनेछ ।
४६. पशु बिमा बापत किसानले बुझाउने प्रिमियम रकममा ५० प्रतिशत अनुदान दिने व्यवस्था मिलाइनेछ ।

## सहकारी तथा वित्तीय क्षेत्र

४७. सहकारी संस्थाहरूको संस्थागत सुशासन प्रवर्धन गर्दै निक्षेपकर्ताहरूको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी बनाइनेछ ।
४८. सबैका लागि एक र एकका लागि सबै भन्ने अवधारणा अनुसार सहकारीको माध्यमबाट उत्पादनशील क्रियाकलापमा संलग्न नागरिकहरूको पुँजी संकलन तथा परिचालन गरि साना तथा स्वरोजगारी अवसरहरू सिर्जना गरि गरिबी न्यूनीकरण गर्ने योजना ल्याइनेछ ।
४९. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरूको दर्ता तथा कार्यक्षेत्र अनुमति जस्ता विषयलाई व्यवस्थित ढंगले अघि बढाइनेछ ।
५०. कृषि सहकारी एवं उत्पादनमुलक सहकारीद्वारा सञ्चालित कार्यक्रमलाई प्राथमिकतामा राखि प्रोत्साहन गरिनेछ ।
५१. कृषि उत्पादन भण्डारण प्रशोधन तथा बजारीकरण र कृषि सामग्री आपूर्ति व्यवस्थापनमा कृषि सहकारी संस्थाहरूलाई प्रोत्साहन गरिनेछ ।
५२. सामुदायिक वनका उपभोक्ता समितिहरूलाई सहकारीको माध्यमबाट एकजुट भइ विकास निर्माणका काममा उत्प्रेरित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

## संस्कृति तथा पर्यटन सम्बन्धी नीति

५३. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिका पर्यटन गुरुयोजना तर्जुमा गरि सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
५४. गाउँपालिका क्षेत्र भित्र रहेका समस्त जातजाती, भाषा, धर्म, कला, संस्कृतिको संरक्षणका लागि विशेष पहल गरिनेछ ।
५५. आमपानी, राजकाँडा, चिसापानी, पितमारी, चोसेकाडा, फल्लेबिसौना झोलुंगे पुल र सिमली खोला, झाप्रिखोला लगायतका स्थानहरूलाई लाई टुरिजम हबको रूपमा विकास गर्न तथा

पर्यटन आकर्षण बीच टुरिजम लिङ्केज बढाउन टुरिजम ट्रायल तथा अन्य पर्यटकीय पूर्वाधार तयार गरिनेछ ।

५६. कर्णाली कोरिडोर पर्यटन प्रवर्द्धनका लागि विभिन्न चौकुने गाउँपालिका तथा पन्चपुरी नगरपालिका सँग समन्वय गरी नदीमा र्याफ्टिङ, समुदायमा होमस्टे, होटेल तथा यातायात व्यवस्थापन लगायत विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न पहल गरिनेछ ।

५७. युद्ध पर्यटनलाई प्रवर्द्धन गर्न जनयुद्ध स्मारक पार्क पण्डौन, बजाडी र खिमडीमा निर्माण गरिनेछ।

५८. त्रिवेणी धाम, मोहन्याल मन्दिर, छडी देवता, मालिका मन्दिरहरू, जालपा मन्दिर आदिको संरक्षण तथा सम्वर्द्धन गरिनेछ ।

५९. पंचेबाजा, मारुनी नाच, हुड्के नाच लगायतका संस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धनका लागि तालिम तथा अन्य आवश्यक व्यवस्थापन गरिनेछ ।

६०. स्थानीय भाषा, साहित्य, कला र संस्कृतिको जगेर्ना गरिने छ र सो क्षेत्रमा संलग्न व्यक्तिहरूलाई विशेष प्रोत्साहनको व्यवस्था गरिनेछ ।

६१. गाउँपालिकामा रहेका पर्यटकीय स्थलहरूको पूर्वाधार निर्माण, होमस्टे संचालन, ध्यान केन्द्र, योग केन्द्र, सांस्कृतिक अध्ययन केन्द्र र कला केन्द्र आदिको विकासमा जोड दिइनेछ ।

६२. धार्मिक धरोहरहरूको अभिलेखीकरण गरी संरक्षण गरिनेछ ।

६३. प्राकृतिक, धार्मिक तथा सांस्कृतिक पर्यटनको विकासमा जोड दिइनेछ ।

६४. सबै जात-जाति तथा धर्मका धार्मिक आस्थाका क्षेत्रलाई पर्यटन आकर्षण केन्द्रका रूपमा विकास गर्न पहल गरिनेछ ।

६५. समुदायमा आधारित पर्यटन क्रियाकलापलाई प्रवर्द्धन गरिनेछ ।

६६. पर्यटन प्रवर्धनका लागि पर्यटक गाइड तालिम लगायतका विभिन्न तालिमहरू संचालन गरिनेछ ।

६७. प्राकृतिक, धार्मिक तथा सांस्कृतिक पर्यटन स्थलसम्म जाने सडक सञ्जालको विकास गरिनेछ ।

६८. राजमार्गबाट नजिक पर्ने गाउँपालिकाका संभावित स्थानहरू पहिचान गरि पिकनिक स्पटहरू तयार गरिनेछ।

६९. ऐतिहासिक महत्त्व रहेको बाँका क्षेत्रलाई बाकाबिर पर्यटकीय पार्कका रुपमा विकास गरिनेछ ।

७०. पुरातात्विक महत्त्व रहेको धुलिकोट दरबार , मेलडाडा र राजकाडा क्षेत्रलाइ अतिक्रमणबाट जोगाइ संरक्षण गरिनेछ ।

## सामाजिक विकास

**शिक्षा** (गुणस्तरीय शिक्षा हामी सबैको सदीक्षा)

७१. विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्दा विद्यालयको आवश्यकता, भौगोलिक अवस्था,लैङ्गिक मैत्री, बाल मैत्री, अपाङ्ग मैत्री बनाउने नीति पूर्ण रूपमा कार्यान्वयन गरिनेछ। साथै यस अघि कुनै पनि भौतिक पूर्वाधार निर्माणका लागि बजेट विनियोजन नभएका तथा एउटा पनि भूकम्प प्रतिरोधी भवन नभएका लाई पहिलो प्राथमिकतामा राखी निर्माणका लागि आवश्यक पहल गरिनेछ।

७२. विद्यालय नक्साङ्कन गरिनेछ । बाल-विकास तथा शिक्षक दरबन्दी मिलान, तोकिएको मापदण्ड भन्दा कम विद्यार्थी भएका विद्यालयलाई विद्यालयको तह तथा कक्षा मिलान, तह वा कक्षा घटाउने र अन्य वडासँग पायक पर्ने उच्चतम विद्यालयलाई आवासीय विद्यालयको रूपमा स्थापना गरिनेछ। संचालनमा नरहेका समुदायमा आधारित बाल विकास केन्द्र खारेज गरिनेछ ।

७३. शिक्षकको पेशागत क्षमता वृद्धिका लागि शिक्षक तालिमको व्यवस्था गरिनेछ । उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालय व्यवस्थापन समिति, प्र अ तथा शिक्षकलाई पुरस्कार सहित सम्मानको व्यवस्था मिलाइनेछ ।

७४. कक्षा ८ को परीक्षालाई व्यवस्थित र मर्यादित बनाउनको लागि पालिकाको एक केन्द्र रणनीति अन्तर्गत एकै स्थानमा कक्षा ८ को परीक्षा केन्द्र कायम गरी परीक्षा सञ्चालन गरिनेछ। कक्षा ५ को परीक्षालाई वडा स्तरमा एक वडा एक केन्द्र रणनीति लिई पायक पर्ने विद्यालयमा परीक्षा सञ्चालन गरिनेछ । कक्षा १० र १२ को परीक्षालाई एक केन्द्र रणनीति कायमका लागि पहल गरिनेछ ।

७५. कक्षा ८, SEE तथा SLCE मा उत्कृष्ट शैक्षिक उपलब्धि सहित शैक्षिक गुणस्तर वृद्धि गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था मिलाइनेछ।

७६. प्रधानाध्यापक सँग शैक्षिक कार्यसम्पादन करार गरी सम्बन्धित विद्यालयका शिक्षक र प्र.अ. बीच शैक्षिक कार्यसम्पादन करार गर्ने व्यवस्थालाई प्राथमिकता दिइनेछ।

७७. संस्थागत विद्यालयको मापदण्ड निर्धारण गरी तोकिएको मापदण्ड पूरा नगरेका विद्यालयको तह घटाउने तथा अनुमति खारेज गरिने नीति लिइनेछ।

७८. मोहन्याल गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा रिक्त रहेको शिक्षक तथा कर्मचारी दरबन्दी पदपूर्तिका लागि विज्ञ रोस्टर तयार गरि एकमुस्ट विज्ञापन मार्फत गाउँपालिकाको कार्यालय मार्फत परीक्षा संचालन गरिनेछ ।

७९. अध्यक्ष उपाध्यक्ष छात्रवृत्ति कोष निरन्तरता दिँदै आर्थिक अवस्था कमजोर भएका कारणबाट माध्यमिक तह सम्मको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरिनेछ साथै प्राविधिक विषयमा उच्च शिक्षा अध्ययनका लागि आवश्यक छात्रवृत्तिको व्यवस्था गरिनेछ।

८०. गाउँपालिकाबाट स्वीकृत बाल-विकास र संघीय सरकारबाट स्वीकृत बाल-विकास बीचको पारिश्रमिक विभेदलाई एकरूपता ल्याउन न्यूनतम पारिश्रमिकको व्यवस्थापन हुने गरी पारिश्रमिक वृद्धि गरिनेछ।

८१. प्रत्येक महिनामा शैक्षिक समीक्षा तथा विश्लेषणका लागि पालिका स्तरमा सञ्चालित विद्यालयका प्र.अ. हरूको बैठक बस्ने व्यवस्था मिलाइनेछ। प्र.अ.हरूलाई बैठकमा सहभागीता वृद्धिका लागि तोकिएको मापदण्ड अनुसार यातायात खर्चको व्यवस्थापन गरिनेछ।

८२. वार्षिक रूपमा समग्र शैक्षिक अवस्थाको स्थिति प्रतिवेदन उपर विश्लेषण गर्न शिक्षा सरोकार राख्ने प्र.अ. वि.व्य.स. पदाधिकारी तथा शिक्षाकर्मिबिच अन्तरक्रिया गरी शैक्षिक सुधारको खाका तयार गरी कार्यान्वयनमा लगिनेछ।

८३. शिक्षकको पेशागत हकहितका लागि पेशागत ट्रेड युनियनमा संगठित हुने अधिकारलाई सुनिश्चित गर्दै दलगत राजनीतिमा हुने आवद्धतालाई निरुत्साहित गर्न कुनै अमुक पार्टीको सदस्यता लिन नहुने तथा लिएको पाईए कानुन बमोजिम कारबाहीको प्रकृया अघि बढाउने नीतिलाई कार्यान्वयन गरिनेछ।

८४. सामुदायिक विद्यालयमा प्राथमिक उपचारको सुनिश्चितता गर्न प्राथमिक उपचार बक्स खरिदका लागि आवश्यक व्यवस्था गरिनेछ।

८५. खेलाडीको मनोबल वृद्धि, खेल क्षेत्रको पहिचान तथा क्षमता विकासका लागि पालिका स्तरीय खेल क्रियाकलापमा विशेष जोड दिइनेछ। जिल्ला तथा क्षेत्रीय खेलकुदमा सहभागी खेलाडीका लागि प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

८६. युवाहरूको क्षमता विकास,रोजगारी सिर्जना,युवा उद्यमी निर्माणका लागि युवाहरूका लागि परिवेश सुहाउँदो क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

८७. पालिका स्तरमा विद्यालयको अनुगमन गरी पृष्ठपोषणका लागि पालिका स्तरीयमा विज्ञ शिक्षकको समूह गठन गरी समय समयमा विज्ञ समूहद्वारा कक्षा अवलोकन गरी सुधारात्मक कक्षा शिक्षण तथा पृष्ठपोषण गरिनेछ । उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कार र लापरवाही गर्ने शिक्षक तथा कर्मचारीलाई नियमानुसार कारबाही गर्न कडाइका साथ लागु गरिनेछ।

८८. छात्रासँग उपाध्यक्ष कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८९. एक वडा एक मातृ विद्यालयको रणनीति लिई सोही मार्फत तथ्याङ्क व्यवस्थित तथा विवरण गाउँपालिकामा पेश गर्न छिटो छरितोका लागि प्रोत्साहन गर्न निश्चित अनुदानको व्यवस्था गरिनेछ ।

९०. मोहन्याल गाउँपालिकाको शिक्षा क्षेत्रलाई सूचना प्रविधि मैत्री बनाउनका लागि एक विद्यालय एक ल्यापटप वितरण नीति कार्यान्वयनका लागि पहल गरिनेछ र प्र अ लगायत शिक्षक शिक्षिकाहरू सूचना प्रविधिमा सक्षमता विकासका लागि सूचना प्रविधि सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरिनेछ । साथै प्रत्येक माध्यमिक विद्यालयहरूमा इन्टरनेट सेवाको विस्तार गरिनेछ ।

९१. शिक्षक र विद्यालय कर्मचारीको तलब भत्ता मासिक रुपमा निकासाको व्यवस्था गरिनेछ । सो कार्यका लागि जगेडा कोष खडा गरिनेछ ।

९२. युवा सँग उपाध्यक्ष कोष संचालन गरि युवाहरूलाई खेल सँग जोडनको लागि उक्त कोषबाट खेलकुद सामग्री उपलव्ध गराइनेछ ।

९३. स्थानीय पाठ्यक्रम निर्माण यसै वर्ष गरी शैक्षिक वर्ष २०८२ देखि कार्यान्वयनमा ल्याइने छ ।साथै पाठ्यपुस्तक निर्माण तथा छपाइका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

९४. पालिकाको शैक्षिक योजना निर्माणका लागि शिक्षा विदसहित पालिकाका शिक्षा सरोकारवालासँग वृहत् छलफल गरी शैक्षिक गुरुयोजना निर्माण गरिनेछ।

९५. अन्तर पालिका तथा अन्य देशको शैक्षिक अवस्था अवलोकन सहित असल अभ्यास अवलम्बन गरी हालको शैक्षिक अवस्थामा सुधारका लागि शिक्षक शिक्षा कर्मचारी एवं जनप्रतिनिधिको शैक्षिक अवलोकन भ्रमण आयोजना गरिनेछ सोका लागि आवश्यक बजेट विनियोजन गरिने व्यवस्था मिलाइनेछ।

९६. एक वडा एक नमुना विद्यालय घोषणाको नीति कार्यान्वयनमा ल्याइनेछ। सो कार्यका लागि वडा तथा पालिका स्तरबाट आवश्यक बजेटको व्यवस्था मिलाइनेछ।

९७. "सुरक्षित र भय रहित बसाई- भरिपूर्ण सिकाई" भन्ने मूल नारालाई आत्मसाथ गर्न विद्यालयको टिनको छाना विस्थापित गर्ने गरी आवश्यक बजेटको लागि पहल गरिनेछ।

९८. एक विद्यालय एक खाजा घर निर्माण गर्ने नीति अवलम्बन गरिनेछ।

९९. "बालमैत्री बसाई- खेल खेल्दै सिकाई" भन्ने नारालाई आत्मसाथ गर्दै बाल-विकास केन्द्रका सहयोगी शिक्षिकाको ५ दिने शैक्षिक सामाग्री निर्माण तथा बालमैत्री सिकाई तालिम सञ्चालन गरिनेछ ।

## स्वास्थ्य सम्बन्धी नीति

१००. गाउँपालिका बासीहरूको स्वास्थ्य सेवा प्रवर्धन गर्न विद्यमान स्वास्थ्य चौकीहरूलाई आधारभूत स्वास्थ्य सेवा केन्द्रमा रूपान्तरण गरिनेछ ।

१०१. गाउँपालिकामा कर तिरेका करदाताहरूको स्वास्थ्य बिमा गर्न आवश्यक प्रबन्ध मिलाइनेछ । बिमा शुल्कको बढीमा ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ ।

१०२. धनगढी, टिकापुर तथा लम्कीमा रहेका सरकारी तथा निजी अस्पतालहरूसँग समन्वय तथा सहकार्य गरी विशेषज्ञ चिकित्सक सेवामा सर्वसाधारण नागरिकको पहुँच वृद्धि गर्न टेलिमेडिसिन सेवाको आवश्यक व्यवस्था मिलाइनेछ ।

१०३. गाउँपालिका क्षेत्र भित्र एकीकृत एम्बुलेन्स सेवा संचालन गरिनेछ । गर्भवती/प्रसूति, विपन्न, जेष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिकका लागि निःशुल्क एम्बुलेन्स सेवा संचालन गरिनेछ ।

१०४. गाउँपालिका क्षेत्र भित्रका सबै स्वास्थ्य संस्थाहरूको एकीकृत अभिलेख व्यवस्थित गरिनेछ ।

१०५. ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, सहिद परिवार, गरिब तथा बिपन्न नागरिकहरूलाई सरकारी अस्पताल सँगको सहकार्यमा निःशुल्क उपचारको व्यवस्थापनका लागि पहल गरिनेछ ।

१०६. सामुदायिक नर्सिङको अवधारणा अनुसार समुदायमा नर्सिङ सेवा उपलब्ध गराइनेछ । विद्यालयहरूमा आधारभूत स्वास्थ्य सचेतना प्रवर्धन गर्न प्रत्येक मा. वि. तहका विद्यालय एक जना विद्यालय नर्सको व्यवस्था गरिनेछ ।

१०७. आयुर्वेद उपचार पद्धतिलाई वैकल्पिक स्वास्थ्य सेवाको रूपमा प्रवर्धन गरी जनस्वास्थ्य सेवा अभिवृद्धि गरिनेछ ।

१०८. कर्मचारीहरूको ज्ञानसिप तथा क्षमता विकासका लागि तालिम,स्थलगत अनुशिक्षण,अभिमुखीकरण लगायतका कार्यक्रमहरू संचालन गरिनेछ ।

१०९. गाउँपालिका अन्तर्गत स्वास्थ्य तर्फका सेवा करारमा कार्यरत नेपाल सरकारको सुरु तलबमान भन्दा कम पारिश्रमिक खाइपाइ आएका करार कर्मचारीहरूको समयानुकूल तलव भत्तामा पुनरावलोकन गरिनेछ ।

११०. स्वास्थ्य क्षेत्र एक वहुआयामिक क्षेत्र भएको हुदा हरेक विषयगत नीतिहरूमा स्वास्थ्यका लक्ष्यहरू हासिल हुनसक्ने नीतिहरू अवलम्बन गरी “स्वस्थ घर, स्वस्थ गाउँ, हाम्रो अभियान पालिका स्वस्थ बनाऔं” जस्ता अभियानहरू संचालन गरिनेछ ।

१११. उपाध्यक्ष सुत्केरी पोषण कार्यक्रमलाइ निरन्तरता दिईनेछ ।

११२. भौतिक संरचनाको अभाव भएका स्वास्थ्य संस्थाहरूको संरचनाको लागि आवश्यक पहल गरिनेछ ।

## सामाजिक समावेशीकरण तथा लैंगिक समानता

११३. गाउँपालिकाबाट गैरसरकारी संस्था मार्फत गरिने विभिन्न क्षेत्रगत सामाजिक कार्यहरूलाई थप व्यवस्थित, संस्थागत र उपलब्धि मूलक बनाउन आवश्यक देखिएको हुँदा त्यस्ता कार्यक्रमहरू **उपाध्यक्ष सामाजिक कार्यक्रम** अन्तर्गत अनुमति लिएर संचालन गर्न आवश्यक कानुनी प्रबन्ध मिलाइनेछ ।

११४. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, कुरीति, हिंसा अन्त्य गर्न महिला जागरण, वित्तीय तथा कानुनी साक्षरता र शसक्तिकरणका कार्यक्रमहरू वडा तहबाट समेत संचालन गरिनेछ ।

११५. बाबू आमा बिहिन बालबालिकाको संरक्षणका लागि विशेष कार्यक्रम संचालन गरिनेछ

११६. बालमैत्री स्थानीय तह घोषणा गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

११७. विपन्न, दलित, आदिवासी र अपाङ्गता भएका बालबालिकाहरूका लागि विशेष संरक्षणका कार्यक्रमहरू संचालन गरिनेछ ।

११८. सम्बत २०८२ असार मसान्तसम्म ग र घ वर्गको अपाङ्गता भएको व्यक्तिलाई मासिक ५ सय रुपैयाँको दरमा वार्षिक ६ हजार प्रतिव्यक्ति उपलब्ध गराइनेछ ।

११९. ६८ वर्ष नाघेका वरिष्ठ ज्येष्ठ नागरिकहरूको घरमा गई स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइनेछ । ६८ वर्ष नाघेका ज्येष्ठ नागरीहरूलाई मोहन्याल गाउँपालिकाका वडा कार्यालयहरूसँग समन्वय गरी नेपाल सरकारले तोकेका औषधीहरू निःशुल्क उपलब्ध गराउन आवश्यक समन्वय गरिनेछ ।

१२०. ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभव पुस्तान्तरण र हस्तान्तरण गर्न वडाको समन्वयमा ज्येष्ठ नागरिक मिलन चौतारीको स्थापना गरी आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

१२१. अपाङ्गता भएका व्यक्ति तथा अभिभावकहरूका लागि सीप विकास तथा अपाङ्गता भएका अभिभावकहरूका लागि स्याहार सीपको तालिम कार्यक्रम संचालन गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक सहायक सामग्री निःशुल्क वितरण गरिनेछ ।

१२२. गाउँ क्षेत्रभित्रका सार्वजनिक तथा सामुदायिक जग्गामा भवन निर्माण गरी वा अन्य तरिकाबाट आय आर्जन गर्ने व्यक्ति, कम्पनी, संघ संस्था वा निकायको आम्दानी गाउँपालिकाको स्थानीय संचित कोषमा जम्मा हुने व्यवस्था मिलाइनेछ ।

१२३. गैरसरकारी संघ संस्थाहरू मार्फत हुने बजेट खर्चको १ प्रतिशत रकम कट्टा गरि स्थानीय संचित कोषमा दाखिला गरि सामाजिक गतिविधि संचालन गर्न आवश्यकता अनुसार अनुदान उपलब्ध गराइनेछ ।

१२४. गाउँपालिका भित्र व्यक्तिगत घटना दर्ता प्रमाण पत्रहरू घुम्ती सेवा मार्फत उपलब्ध गराइनेछ ।

१२५. "सामाजिक विकासको आधार सुनिश्चित समावेशीकरण अधिकार" भन्ने नारामा आधारित रहेर सामाजिक विकास, पूर्वाधार, कृषि, वन तथा भूमिसुधार गरिबी निवारण, स्थानीय विकास तथा शान्ति एवं सुशासनसँग सम्बन्धित बजेटलाई लैङ्गिक उत्तरदायी बनाइनेछ ।

१२६. जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रमहरू संचालन गर्दै घरमै पुगी परिचयपत्र वितरण गरिनेछ ।

१२७. "हामी सबैको एउटै अठोट मुक्त गरौं छुवाछूत र छाउ गोठ" अभियान संचालन गरि गाउँपालिकालाई छुवाछूत तथा छाउ गोठ मुक्त पालिका घोषणा गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

**श्रम तथा रोजगार**

१२८. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

१२९. गाउँपालिका रोजगार बैंक स्थापना गरि दक्ष, अदक्ष तथा शैक्षिक बेरोजगारको वर्गीकृत तथ्याङ्क संकलन गरिनेछ। रोजगार बैंकमा समावेश भएका व्यक्तिहरूलाई गाउँपालिका भित्र वा बाहिर रोजगारीको अवसर आएमा प्राथमिकता दिइनेछ ।

१३०. गाउँपालिका भित्र निर्माण हुने आयोजनामा स्थानीय व्यक्तिहरूलाई गाउँपालिका भित्र वा बाहिर रोजगारीको अवसर आएमा प्राथमिकता दिइनेछ ।

१३१. युवा लक्षित रोजगारका अवसरहरू सिर्जना गर्ने तर्फ पहल गरिनेछ ।

१३२. युवा स्वरोजगार कार्यक्रम संचालन गरिनेछ । जसका लागि इच्छुक युवाबाट प्रस्ताव आह्वान गरि बैंक ऋण उपलब्ध गराउन ऋण सुरक्षण जमानतका लागि गाउँपालिकाले आवश्यक प्रबन्ध गर्नेछ ।

१३३. प्रधानमन्त्री रोजगार कार्यक्रममा आवश्यक पर्ने बस्तु तथा सामग्री खरिद गर्न गाउँपालिकाले साझेदारी गरी कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

१३४. गैरकानुनी रुपमा श्रम क्षेत्रमा प्रयोग भइरहेका बालबालिकाको आवश्यक पहिचान गरि उनीहरूको शिक्षा दीक्षाको व्यवस्थापन गर्न गाउँपालिकामा बालश्रम निर्मूल अभियान संचालनका साथै अध्यक्ष बाल श्रम निर्मूल कोषको स्थापना गरिनेछ। "श्रम गरौं स्वस्थ बनौं" भन्ने उद्देश्यका साथ आ. व. २०८१/०८२ मा पालिका बाट संचालित महत्वपूर्ण

आयोजनामा एक दिन श्रमदान कार्यक्रम संचालन गरि अध्यक्ष श्रमदान सप्ताह मनाउने व्यवस्था मिलाइनेछ ।

## संस्थागत विकास तथा सुशासन सम्बन्धी नीति

१३५. मोहन्याल गाउँपालिकाको संगठन संरचना, स्वीकृत दरबन्दी र पदाधिकारी तथा प्रशासनिक इकाइहरूको कार्य विवरण, २०८१ तर्जुमा गरि प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

१३६. संविधानको एकल तथा साझा अधिकार सूची र बढ्दो सुब्यबस्थापनको दायित्वलाई मध्यनजर गर्दै मोहन्याल गाउँपालिकाको संगठन संरचना सेवामूलक र वैज्ञानिक बनाउन संगठन व्यवस्थापन परीक्षण तथा मानव संसाधन नीति तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१३७. गाउँपालिकाका सबै कार्यालयमा सिसिटिभी जडान गरी सेवा प्रवाहलाई प्रत्यक्ष निगरानीमा राखिनेछ ।

१३८. हरेक महिनाको पहिलो आइतबार "**जनतासँग अध्यक्ष**" कार्यक्रम मार्फत प्रत्यक्ष सम्वाद कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१३९. प्रत्येक महिनाको पहिलो हप्तामा वडा तहमा र गाउँपालिका केन्द्रमा चौमासिक अवधिमा सार्वजनिक सुनुवाई गरी सेवाग्राहीबाट प्राप्त हुने सुझाव तथा गुनासोको व्यवस्थापन गरिनेछ ।

१४०. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन LISA(Local Institutional Self-Assessment) तथा स्थानीय तह वित्तीय सुशासन तथा जोखिम मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गराइनेछ ।

१४१. गाउँपालिका स्थापना दिवसका अवसरमा जनप्रतिनिधि तथा कर्मचारीहरूलाई पदक, सम्मान र पुरस्कार प्रदान गरिनेछ ।

१४२. गाउँपालिकाको सुरक्षा तथा राजस्व चुहावट नियन्त्रणका लागि आवश्यकता अनुसार नगर प्रहरीको व्यवस्थापन गरिनेछ ।

१४३. गाउँपालिकाका चार पाङ्ग्रे सवारी साधनमा जि पि एस प्रविधिको जडान गर्ने व्यवस्था मिलाइनेछ ।

१४४. गाउँपालिकालाई प्रविधि सँग जोड्नका लागि गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माण गरिनेछ ।

१४५. ऐतिहासिक अभिलेखहरू, कानुनी कागजातहरू, र अन्य महत्त्वपूर्ण गाउँपालिका फाइलहरू डिजिटाइज गरिनेछ ।

१४६. मोहन्याल गाउँपालिकाको कार्यालय खिमडी तथा अन्य क्षेत्रहरूमा मा नेपाल टेलिकमको टावर स्थापनाका लागि पहल गरिनेछ ।

१४७. मोहन्याल गाउँपालिकामा सूचना तथा जानकारीको प्रसारणका लागि सम्भाव्यता अध्ययन गरि सामुदायिक एफ एम रेडियो संचालन गरिने वा निजी क्षेत्रका संस्थालाई एफ एम रेडियो संचालन गर्न अनुदान उपलव्ध गराइनेछ।

१४८. मौसमजन्य विपदको पूर्व सावधानीको लागि विपद इन्डिकेटर जडान गरिनेछ ।

१४९. **"अध्यक्षको चासो जनताको गुनासो"** भन्ने नारा सहित जनता सँग अध्यक्ष कार्यक्रम अन्तर्गत प्रत्येक महिनाको पहिलो हप्ता जनतासँग प्रत्यक्ष भेटघाट र गुनासो सुनुवाई तथा सम्बोधन गरिनेछ । साथै निःशुल्क हटलाइन सेवा सुचारु गरिनेछ ।

१५०. फाल्गुन १ गते जनयुद्ध दिवसको अवसरमा विभिन्न कार्यक्रम संचालन सँगै सहिद परिवार, बेपत्ता परिवार र घाइते भएका व्यक्तिहरूलाई सम्मान गरिनेछ ।

१५१. गाउँपालिकाद्वारा प्रवाह गर्ने सेवालाई क्रमशः होम डेलीभरि सरकारको अवधारणा अनुरूप बिस्तार गर्दै लगिनेछ ।

१५२. गाउँपालिकाको वडा तह, स्वास्थ्य संस्था तथा सामुदायिक विद्यालयबाट गरिने सार्वजनिक खरीद प्रकृया प्रतिस्पर्धाको माध्यमबाट सम्पादन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१५३. कर्मचारीको कार्यसम्पादनलाई वस्तुनिष्ठ र अनुमानयोग्य बनाउन कार्यसम्पादन करार सम्झौता गरिनेछ ।

१५४. आगामी आर्थिक वर्ष भित्रमा गाउँपालिकाको आवधिक योजना (२०८१/०८२ — २०८६/०८७) तर्जुमा गरी क्रमशः कार्यान्वयनमा ल्याइनेछ ।

१५५. गाउँपालिका क्षेत्रभित्र छरिएर रहेका अव्यवस्थित बस्तीलाई नेपाल सरकारको समन्वयमा एकीकृत बस्तीको अवधारणा अनुसार व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ ।

१५६. सूचनाको हकलाई पूर्णरूपमा सुनिश्चित गरिनेछ ।

१५७. मोहन्याल गाउँपालिकाका लागि आवश्यक पर्ने सफ्टवेयर(दर्ता चलानी, इ सिफारिस, ई-हाजिरी, योजना र अन्य) खरिद गरि संचालनमा ल्याइने छ।

१५८. मोहन्याल गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण वडा कार्यालयहरूका आवश्यक ठाउँहरूमा डिजिटल बोर्ड हरूको (नागरिक वडा पत्र ,डिजिटल होडिंग बोर्ड )व्यवस्था गरिने छ ।

१५९. खरिद कार्य गर्दा खरिद योजना बनाएर मात्र खरिद गरिनेछ ।

१६०. खरिद कार्यलाई थप पारदर्शी बनाउन रू १ लाख भन्दा बढी लागत अनुमान भएको खरिद सामग्रीहरूको खरिद गर्दा सूचना प्रकाशित गरी खुल्ला प्रतिस्पर्धा मार्फत खरिद गरिनेछ । त्यसै गरी रू. १० लाख भन्दा माथि लागत अनुमान भएका खरिद सामग्रीहरूको खरिदको हकमा विद्युतीय खरिद प्रणाली मार्फत खरिद गरिनेछ ।

१६१. बजार अनुगमनलाई प्रभावकारी रुपमा लागु गरि उपभोग्य बस्तुको गुणस्तर र दर को अनुगमन गरिनेछ ।

## आर्थिक तथा वित्त परिचालन सम्बन्धी नीति

१६२. कार्यालयबाट गरिने सबै प्रकारका भुक्तानीहरूलाई अनलाइन प्रणाली मार्फत गरिने व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ । अनलाइन सफ्टवेयर प्रणालीलाई थप व्यवस्थित गरि भुक्तानी एवम आर्थिक कारोबार प्रणालीलाई पूर्णतया अनलाइन प्रणालीको कार्यान्वयनको संस्थागत प्रबन्ध गरिनेछ । सबै प्रकारका भुक्तानीमा हुने करकट्टीहरुलाई SuTra प्रणाली मार्फत सोझै संघीय राजस्व खातामा पठाइने प्रबन्ध मिलाइनेछ ।

१६३. मोहन्याल गाउँसभा ले गाउँपालिका भित्र संचालन गरिने आयोजना तथा कार्यक्रमको लागि विनियोजन गरेको बजेटको नियमानुसार २५% नबढ्ने गरि सभाले स्वीकृत गरेको शिर्षक तथा उपशीर्षकहरूमा मात्र रकमान्तर गरिनेछ ।

१६४. आर्थिक वर्षको अन्त्यमा हुने असाढे विकासलाई निरुत्साहित गर्दै पूँजीगत वित्तीय प्रगति बढाउन असोज मसान्त भित्र ठेक्काबाट गरिने सबै प्रकार ठेक्काहरूको सम्झौता प्रकृया र उपभोक्ता समितिबाट संचालन गरिने योजनाहरुको उपभोक्ता समिति गठन लगायतका कार्यहरू सम्पन्न गरी समयमै योजना तथा कार्यक्रमको कार्यसम्पन्न गरिने व्यवस्था मिलाइनेछ ।

१६५. आर्थिक प्रशासनमा संलग्न जनशक्तिहरूको क्षमता विकास गरिनेछ ।

१६६. आवश्यकता, औचित्य र महत्वको आधारमा मात्र पेश्की उपलब्ध गराइनेछ र तोकिएको समयमै पेश्की फछ्र्योट गरिने प्रबन्ध कडाइका साथ लागु गरिनेछ ।

१६७. आन्तरिक राजस्व संकलनलाई थप पारदर्शी र प्रभावकारी बनाइने छ ।

१६८. प्रशासनिक खर्चलाई थप मितव्ययी बनाइने छ ।

१६९. योजना एवम् कार्यक्रमको भौतिक प्रगति समयमा समीक्षा, पेश एवम् वेब साइटमार्फत सार्वजनिक गरिनेछ ।

१७०. मोहन्याल गाउँपालिका भित्र संचालित व्यवसायीहरू लाई करको दायरामा ल्याइनेछ ।

## वन वातावरण र विपद व्यवस्थापन सम्बन्धी नीति

१७१. मोहन्याल गाउँपालिकामा रहेका राष्ट्रिय वन, सामुदायिक वन, धार्मिक वन, कवुलियती वन र निजी बनको तथ्याङ्क संकलन गरी राष्ट्रिय बन बाहेकका बनको वार्षिक प्रतिवेदन, गैह्र काष्ठ

बन पैदावार तथा निकासी पैठारीको लेखा परीक्षण प्रतिवेदनका आधारमा करको दायरामा ल्याइनेछ ।

१७२. स्थानीय सरकार संचालन ऐन को दफा ६२ (ख) को १ बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्य योजना बनाइ गाउँपालिका बाट स्वीकृत गराउनु पर्ने व्यवस्थालाई तदारूकताका साथ लागु गरिने छ र उपदफा १ बमोजिम वन पैदावार बिक्री बापत प्राप्त हुने रकमको १० % रकम सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गरिनु पर्ने कानुनी व्यवस्था भए बमोजिम मोहन्याल गाउँपालिका भित्र रहेका सामुदायिक वनहरू बाट प्राप्त हुने आय रकमको १० % रकम गाउँपालिकाको संचित कोषमा अनिवार्य रुपमा जम्मा गर्न लगाइनेछ ।

१७३. सामुदायिक वनहरूको सञ्जाल बनाई सामुदायिक वनबाट हुने आम्दानीलाई आय आर्जन तथा गरिबी निवारणका क्षेत्रमा लगानी गर्न प्रेरित गरिनेछ ।

१७४. वन तथा जैविक विविधता सम्बन्धी राष्ट्रिय तथा प्रदेश नीति बारे स्थानीय स्तरमा सचेतना वृद्धि गरी कार्यान्वयनमा सहजीकरण गरिनेछ ।

१७५. सामुदायिक वन तथा निजी जग्गामा रिठा, तेजपत्ता, अलैंची, कुरिलो, बेसार, अदुवा, टिमुर, चिउरी लगायतका जडीबुटी तथा नगदे बालिहरू उत्पादन,उपयोग तथा निकासीको आवश्यक प्रबन्ध गरिनेछ ।

१७६. निजी वनको अवधारणा बमोजिम निजी वनबाट उत्पादित काष्ठ तथा गैर काष्ठ जन्य वन पैदावारको निकासी गरी आय आर्जनको माध्यम बनाइनेछ ।

१७७. नदि किनारमा बाढी, पहिरो र भूक्षय नियन्त्रणको लागि जैविक तथा बायो इन्जिनियरिङ प्रविधिको अवलम्बन गर्ने व्यवस्था मिलाइनेछ ।

१७८. "मोहन्याल सरकार को भर, खर मुक्त छानाको घर" भन्ने नाराका साथ गाउँपालिका क्षेत्रमा स्थायी बसोबास गर्ने गरिब र विपन्न परिवारहरूका लागि साझेदारीमा आधारित खरका छाना मुक्त घर बनाउने कार्यक्रम कार्यान्वयन गरिनेछ ।

१७९. आपतकालीन कार्यसंचालन केन्द्रको स्थापना गरि आवश्यक सामग्रीको व्यवस्थापन गरी प्राकृतिक प्रकोपको क्षति न्यूनीकरणका लागि पूर्व तयारी गरिनेछ ।

१८०. अल्पकालीन राहत तथा उद्धारको योजना निर्माण गरिनेछ । एम्बुलेन्सको सहज पहुँचको व्यवस्था मिलाइनेछ।

१८१. विपद जोखिम क्षेत्र पहिचान नक्साङ्कन गरि कार्यान्वयनमा ल्याइनेछ ।

१८२. विपद व्यवस्थापन नीति स्वीकृत गरि कार्यान्वयनमा ल्याइनेछ ।

१८३. मौसमजन्य विपदका कारण घरबार विहीन नागरिकको लागि आवास निर्माण संघ प्रदेश तथा गाउँपालिकाको लागत सहभागितामा गरिनेछ ।

## जलश्रोत तथा ऊर्जा सम्बन्धी नीति

१८४. जलश्रोतको उच्चतम उपयोगका लागि आगामी वर्ष जलश्रोत ऐन, २०८१ तर्जुमा गरि कार्यान्वयनमा ल्याइनेछ ।

१८५. **"सबैको खेतबारीमा पानी गाउँपालिका कृषि उत्पादनको खानी"** भन्ने मूल नाराका साथ गाउँपालिका भित्र सिँचाइ सुविधा नपुगेका स्थानहरूमा सिँचाइ आयोजना निर्माण तथा सञ्चालनमा आवश्यक पहल गरिनेछ ।

१८६. मोहन्याल गाउँपालिकाको खानेपानी तथा सरसफाई क्षेत्रलाई थप गुणस्तरीय बनाउनका लागि कर्णाली जल परियोजनाको सहकार्यका साथ विशेष प्रबन्ध मिलाइनेछ । मोहन्याल गाउँपालिकाको वडा नं. १ मा रहेको बडीकाथाईलाइ नमुना समुदायको रुपमा विकास गरिनेछ।

१८७. साना जलविद्युत आयोजनाको अध्ययन गरि कामको सुरुवात गरिनेछ ।

१८८. दानेगौडा खानेपानी- मोहन्याल २, कुइने खानेपानी — मोहन्याल ७, माथिल्लो धमकोट खानेपानी -मोहन्याल ५, बडीखर्क सोलार लिफ्ट — मोहन्याल ४, जिलौटे खानेपानी — मोहन्याल ५ र राक्सा कोसेरी खानेपानी — मोहन्याल १ को लागि कर्णाली जलपरियोजनासँगको साझेदारीमा कार्यान्वयन गरिनेछ ।साथै सोल्टा अजिंगरे बृहत खानेपानी को सुरुवात गरिनेछ ।

१८९. पुराना र अवस्था बिग्रिएका सिँचाई योजनाको स्तरोन्नती गरि दिगो बनाइनेछ ।

१९०. लाभ, लागत र प्रतिफलको विश्लेषण गरि पानीको स्रोत नभएका स्थानमा लिफ्ट विधिबाट सिँचाई विकास गरिनेछ ।

१९१. सिँचाइलाई दिगो बनाउन परम्परागत रूपमा रहेका पोखरी, कुवा, इनार आदिको संरक्षण गरिनेछ ।

१९२. प्लास्टिक पोखरी, थोपा सिँचाई जस्ता प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

१९३. गाउँपालिका भित्र विद्युत प्रसारण लाइन विस्तार भइसकेको र आगामी २ वर्ष भित्र पूर्ण विद्युतीकरणका लागि आवश्यक पहल गरिनेछ ।

१९४. अकिलस इनर्जी लिमिटेड यु के सँगको साझेदारीमा नेपाल इनर्जी फाउन्डेसनको सहकार्यमा मोहन्याल गाउँपालिका ७ कुइने स्थित Floating Instream Tidal and Solar परियोजना आगामी वर्ष कार्यान्वयनमा ल्याइनेछ ।

१९५. गाउँपालिका क्षेत्र भित्र लघु जलविद्युत आयोजनाहरू सञ्चालनका लागि संभाव्यता अध्ययन गरि लगानीका लागि आवश्यक पहल गरिनेछ ।

१९६. फलेबिसौना बृहत खानेपानी आयोजनाको लागि आवश्यक पहल गरिनेछ ।

## भूमि व्यवस्थापन तर्फः

१९७. भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्न लगत संकलन, प्रमाणीकरण, जग्गा नापी र लालपुर्जा वितरण कार्यलाई यथाशीघ्र सम्पन्न गर्नका लागि थप जनशक्तिको व्यवस्थापन गरिनेछ ।

१९८. घरबास विहीन गाउँपालिका बासीको पहिचान गरी आवासको व्यवस्था गरिनेछ ।

१९९. अव्यवस्थित बस्तीहरूलाई व्यवस्थित गर्न एकीकृत बस्ती विस्तार गर्न पहल गरिनेछ ।

२००. कृषि, आवास, व्यवसाय, औद्योगिक, खानी तथा खनिज, साँस्कृतिक तथा पुरातात्विक, वन, सार्वजनिक उपयोग तथा खुल्ला र अन्य क्षेत्र सहित विभिन्न भागमा वर्गीकरण गरी गाउँपालिकामा भू-उपयोग नीति लागु गरिनेछ ।

२०१. गाउँपालिका भित्रको सार्वजनिक तथा प्रति जग्गाको खोजी गरी पालिकाको मातहतमा ल्याउने व्यवस्था मिलाइने छ ।

२०२. मोहन्याल गाउँपालिकाको सिमाना विवादलाई समाधानको पहल गरी सिमा निर्धारण तथा सिमा बोर्ड राखिने छ ।

२०३. मोहन्याल गाउँपालिका अन्तर्गत विवादित सिमा क्षेत्रका सामुदायिक बन उपभोक्ता समितिहरूले गरेको सिमा रक्षा लगायतका कार्यहरूको लागि सामुदायिक बन उपभोक्ता समितिहरूलाई सम्मान गरिनेछ ।

**उद्योग विकास तर्फ :**

२०४. चालु आ. व. बाट मोहन्याल गाउँपालिकामा कम्तीमा पनि ७ वटै वडामा लघु उद्योग सञ्चालनमा ल्याउने तर्फ पहल गरिनेछ ।

२०५. विभिन्न सीप विकास तालिम मार्फत नागरिकमा उद्यमशीलता विकास गरि घरेलु तथा लघु उद्योग संचालनका लागि आवश्यक व्यवस्थापन गरिनेछ। यस कार्यका लागि गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) सँग साझेदारी समेत गरिनेछ ।

२०६. ५ जना सम्म प्रत्यक्ष रोजगार सिर्जना गर्ने उद्योगको लागि मेशिन तथा औजारको अनुदान व्यवस्था गरिनेछ ।

२०७. सिवियो विकास संस्था सँगको साझेदारीमा उद्यमीले उत्पादन गरेको बस्तु तथा सामग्रीको बजारीकरणका लागि आवश्यक व्यवस्था गरिनेछ ।

२०८. गाउँपालिका भित्र संचालित कुटानी पिसानी मिल, सुधारिएको पानी घट्टहरूलाई थप व्यवस्थित तथा प्रभावकारी बनाउनका लागि कार्यविधि निर्माण गरि अनुदानको व्यवस्था मिलाइनेछ ।

**न्याय सम्पादन**

२०९. न्याय सम्पादनमा **विवादको साटो, मेलमिलापको पाटो** भन्ने नीति अंगिकार गरिनेछ ।

२१०. न्यायिक समितिका सदस्य तथा मेलमिलापकर्ताहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

२११. ढिलो न्याय दिनु अन्याय सरह हुने भएकाले न्यायिक समितिबाट निरूपण हुने मुद्दाहरूलाई यथासिघ्र फैसला गर्ने नीति ल्याइनेछ ।

२१२. पछाडी परेका वर्ग र समुदायको लागि कानुनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

२१३. न्यायिक समिति मार्फत निरूपण भएका विवादहरूको कार्यान्वयनका लागि आवश्यकता अनुसार नगर प्रहरीको परिचालन गरिनेछ ।

२१४. विवादको गम्भिर्यता र आवश्यकताको आधारमा न्याय सँग सम्बन्धित संस्था वा व्यक्तिबाट कानुनी परामर्श सेवा प्राप्त गरिनेछ ।

२१५. मेलमिलाप सम्बन्धी थप कानुनी आधार तयार गरि न्याय सम्पादनलाई प्रभावकारी बनाइनेछ ।

अन्त्यमा गाउँसभामा उपस्थित सदस्यहरू, सम्पूर्ण अतिथिहरू, आम जनसमुदाय, राजनीतिक दल, कर्मचारी तथा सुरक्षाकर्मी साथीहरू पत्रकार लगायत सबैमा **हामी सबैको एउटै ख्याल, बनाउ समृद्ध मोहन्याल** भन्ने मूल अभीष्टका साथ तर्जुमा भएको मोहन्याल गाउँपालिका यो नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग र समन्वयको अपेक्षा सहित धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद !

नमस्कार!

देवीदत्त उपाध्याय

सभा अध्यक्ष